नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
(अनुमतिपत्र महाशाखा)

फोन नं.:- ४३३४११९
४५११५३७
४५१९५०१
४५३९३६२
फ्याक्स :- ४५३९९०३
पो.ब.नं.:- २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : २०८२/०८३ (अनुमतिपत्र)
चलानी नं. :- १५४८

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

मिति : २०८२/१२/२

विषय :- मुगु कर्णाली अर्धजलाशययुक्त (PROR) ज.वि.आ.(१५९.६२ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।

श्री बुटवल पावर कम्पनी लिमिटेड,
गंगादेवीमार्ग ३१३, बुद्धनगर, काठमाण्डौ ।
फोन नं. :- ०१-४७८१७७६, ४७८५२५९, ४७८०९९४ पो.ब. नं. ११७२८
सम्पर्क मोबाइल नं. ९८५१२०१३८६, ९८५११०७३९१ ।

प्रस्तुत विषयमा तहाँले मुगु कर्णाली अर्धजलाशययुक्त (PROR)ज.वि.आ.(१५९.६२मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्र पाउन दिएको दरखास्तमाथि कारवाही हुँदा नपुग देखिएका कागजात विवरण तथा प्रतिक्रिया/स्पष्टीकरण पेशगर्न मिति २०७९/१०/१५ च.नं. ८२६ तथा २०८२/११/११ च.नं. १४२५ को पत्र मार्फत पत्राचार भएको र मुगु कर्णाली जलाशययुक्त ज.वि.आ.(१९०२ मे.वा.)को आयोजना क्षेत्रसङ्ग क्षेत्र दोहोरो परेको सम्बन्धमा पटक-पटक छलफल तथा प्रस्तुतीकरण गर्दा समेत तत् सम्बन्धमा प्रवर्द्धकद्वय बुटवल पावर कम्पनी लिमिटेड र विद्युत उत्पादन कम्पनी लिमिटेड बीच भएको समन्वय र प्रगति विवरण प्राप्त हुन नआएको देखिंदा उक्त समन्वय र प्रगति विवरण सहित नपुग देखिएका तपशिल बमोजिमका कागजात विवरण ७ दिनको समयावधि भित्र पेश गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

तपशिल (पेश गर्नु पर्ने थप कागजात विवरण तथा स्पष्टिकरण ) :

१. कम्पनीको उद्योग दर्ताको प्रमाणपत्र (प्रस्तुत आयोजना समावेश भएको) (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) को नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।
२. आयोजनाको स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (प्रतिवेदन स्वीकृतिको पत्र सहित) तथा सोको विद्युतीय प्रति ।
३. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण ।
४. बहाल रहेको विद्युत खरिद बिक्रीको सम्झौता वा विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) वा विद्युत खरिद बिक्री सम्झौता सम्पन्न गरिने सम्बन्धी आशयपत्र ।
५. उत्पादित विद्युत प्रसारण गर्ने व्यवस्था सम्बन्धी विवरण ।
६. प्रस्तुत आयोजनाको सर्वेक्षण अनुमतिपत्र वि.उ.स. ९५१ जारी पश्चात प्रवर्धकद्वयविच २०७५/२/३मा भएको सहमतिका आधारमा प्रस्तुत आयोजनाको तल्लो तटमा आंशिक रुपमा दोहोरो पर्ने गरी विद्युत उत्पादन कम्पनी लिमिटेडका नाउँमा जारी भएको मुगु कर्णाली जलाशययुक्त ज.वि.आ.(१९०२ मे.वा.) को वि.उ.स. १०२० सङ्ग क्षेत्र दोहोरो परेको (दुवै आयोजना बीच ५' ५१" पुर्व पश्चिम ओभरल्याप र लेभलको हिसाबले समेत करिब ७० मिटर डुवानमा पर्ने देखिएको) सम्बन्धमा भएका छलफल तथा प्रस्तुतीकरण समेतबाट तत् सम्बन्धमा प्रवर्द्धकद्वय बुटवल पावर कम्पनी लिमिटेड र विद्युत उत्पादन कम्पनी लिमिटेड बीच भएको समन्वय र प्रगति विवरण ।

..............................
(दुर्गा नारायण भुसाल)
इन्जिनियर